आज मिति २०८१/१०/१२ गतेका दिन यस बारपाक सुलिकोट गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्यूको अध्यक्षतामा बसेको सोहौं गाउँ सभा तथा हिउँदे अधिवेशन (दोश्रो स्थानीय तह सदस्य निर्वाचनको छैठौं गाउँसभा) बैठकमा गाउँसभा सदस्यहरुको उपस्थिति निम्नानुसार रहेको छ ।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद भट्ट | अध्यक्ष | बा.सु.गा.पा.-५ | |
| २ | सन माया गुरुङ | उपाध्यक्ष | बा.सु.गा.पा.-३ | |
| ३ | धन बहादुर घले | वडा अध्यक्ष | बा.सु.गा.पा.-१ | |
| ४ | पूर्ण बहादुर गुरुङ | वडा अध्यक्ष | बा.सु.गा.पा.-२ | |
| ५ | बल बहादुर गुरुङ | वडा अध्यक्ष | बा.सु.गा.पा.-३ | |
| ६ | भिम बहादुर गुरुङ | वडा अध्यक्ष | बा.सु.गा.पा.-४ | |
| ७ | शिब बहादुर खड्का | वडा अध्यक्ष | बा.सु.गा.पा.-५ | |
| ८ | बावुलाल गुरुङ | वडा अध्यक्ष | बा.सु.गा.पा.-६ | |
| ९ | कृष्ण गुरुङ | वडा अध्यक्ष | बा.सु.गा.पा.-७ | |
| १० | शरण गुरुङ | वडा अध्यक्ष | बा.सु.गा.पा.-८ | |
| ११ | राजु सुनार | कार्यपालिका सदस्य | बा.सु.गा.पा.-१ | |
| १२ | आशिका गुरुङ | कार्यपालिका सदस्य | बा.सु.गा.पा.-२ | |
| १३ | जानुका देवी पनेरु | कार्यपालिका सदस्य | बा.सु.गा.पा.-४ | |
| १४ | सन्त कुमारी बराम | कार्यपालिका सदस्य | बा.सु.गा.पा.-५ | |
| १५ | शुभप्रभात नेपाली | कार्यपालिका सदस्य | बा.सु.गा.पा.-६ | |
| १६ | माया देवी गुरुङ | कार्यपालिका सदस्य | बा.सु.गा.पा.-७ | |
| १७ | मिनु घले | महिला सदस्य | बा.सु.गा.पा.-१ | |
| १८ | लक्ष्मी विश्वकर्मा | दलित महिला सदस्य | बा.सु.गा.पा.-१ | |
| १९ | मिन बहादुर गुरुङ | सदस्य | बा.सु.गा.पा.-१ | |
| २० | सन्त बहादुर गुरुङ | सदस्य | बा.सु.गा.पा.-१ | |
| २१ | बुध माया विश्वकर्मा | दलित महिला सदस्य | बा.सु.गा.पा.-२ | |

| | | | | |
|---|---|---|---|---|
| २२ | मंगल बहादुर गुरुङ | सदस्य | बा.सु.गा.पा.-२ | |
| २३ | नन्द कुमार घले | सदस्य | बा.सु.गा.पा.-२ | |
| २४ | बुद्धि गुरुङ | महिला सदस्य | बा.सु.गा.पा.-३ | |
| २५ | सिता नेपाली | दलित महिला सदस्य | बा.सु.गा.पा.-३ | |
| २६ | प्रेम बहादुर गुरुङ | सदस्य | बा.सु.गा.पा.-३ | |
| २७ | पदम बहादुर थापा मगर | सदस्य | बा.सु.गा.पा.-३ | |
| २८ | सुनिता नेपाली | दलित महिला सदस्य | बा.सु.गा.पा.-४ | |
| २९ | सुनेम गुरुङ | सदस्य | बा.सु.गा.पा.-४ | |
| ३० | डाल माया सार्की | दलित महिला सदस्य | बा.सु.गा.पा.-५ | |
| ३१ | भगवान भट्ट | सदस्य | बा.सु.गा.पा.-५ | |
| ३२ | तारा बहादुर गुरुङ | सदस्य | बा.सु.गा.पा.-५ | |
| ३३ | साबित्री श्रेष्ठ | महिला सदस्य | बा.सु.गा.पा.-६ | |
| ३४ | धन माया सुनार | दलित महिला सदस्य | बा.सु.गा.पा.-६ | |
| ३५ | चन्द्र कुमार श्रेष्ठ | सदस्य | बा.सु.गा.पा.-६ | |
| ३६ | पूर्ण बहादुर बराम | सदस्य | बा.सु.गा.पा.-६ | |
| ३७ | आइती माया वसेल | दलित महिला सदस्य | बा.सु.गा.पा.-७ | |
| ३८ | रुद्र प्रसाद अंगाई | सदस्य | बा.सु.गा.पा.-७ | |
| ३९ | उदय बहादुर गुरुङ | सदस्य | बा.सु.गा.पा.-७ | |
| ४० | सरुना गोतामे दवाडी | महिला सदस्य | बा.सु.गा.पा.-८ | |
| ४१ | पुर्नी माया सुर्खेती | दलित महिला सदस्य | बा.सु.गा.पा.-८ | |
| ४२ | यम बहादुर बरामु | सदस्य | बा.सु.गा.पा.-८ | |
| ४३ | विष्णु कुमार पुडासैनी | सदस्य | बा.सु.गा.पा.-८ | |
| ४४ | सुवास आले | सचिव | बा.सु.गा.पा. | |
| | **जि.स.स.सदस्य** | | | |
| ४५ | मोहन ढकाल | जि.स.स.सदस्य | | |

## कर्मचारी तर्फ

| क्र.सं. | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| ४६ | श्री ईश्वरी प्रसाद पनेरु | प्रशासकीय अधिकृत | बा.सु.गा.पा.का. | |
| ४७ | श्री पवित्रा शर्मा | शिक्षा अधिकृत | " | |
| ४८ | श्री मेघनाथ प्रसाद यादव | इन्जिनियर | " | |
| ४९ | श्री भिम कुमार श्रेष्ठ | शिक्षा संयोजक | " | |
| ५० | श्री मोदराज भट्ट | सि.अ.हे.व. | " | |
| ५१ | श्री कृष्ण भट्ट | ज.स्वा.नि. | " | |
| ५२ | श्री गंगा बहादुर घले | स.ले.अ. | " | |
| ५३ | श्री दर्शन न्यौपाने | सहायक आलेप अधिकृत | " | |
| ५४ | श्री सन्देशराज पौडेल | सू.प्र.अ. | " | |
| ५५ | श्री कोपिला गुरुङ | रोजगार संयोजक | | |
| ५६ | श्री सन्तोष ढकाल | कृषि स्नातक प्राविधिक | " | |
| ५७ | श्री सुर्य गौतम | प्रा.स. शिक्षा | " | |
| ५८ | श्री उज्वल गिरी | सव-इन्जिनियर | " | |
| ५९ | श्री हिक्मत बहादुर खड्का | प्रा.स. (पशु सेवा) | " | |
| ६० | श्री सुर्य बहादुर श्रेष्ठ | प्रा.स. (पशु सेवा) | " | |
| ६१ | श्री जयलाल बुढा | प्रा.स. (कृषि सेवा) | " | |
| ६२ | श्री बिजय गुरुङ | सव-इन्जिनियर | " | |
| ६३ | श्री जनक सुनार | सव-इन्जिनियर | " | |
| ६४ | श्री वसन्त भट्ट | खा.पा.स.टे. | " | |
| ६५ | श्री सन्जय लामिछाने | अ.स.ई | " | |
| ६६ | श्री विवेक कुमार सहनी | अ.स.ई | " | |
| ६७ | श्री अजय कुमार दास | अ.स.ई | " | |
| ६८ | श्री ईन्दिरा बराल | स.म.वि.नि. | " | |
| ६९ | श्री राजीन गुरुङ | एम.आई.एस. अपरेटर | " | |
| ७० | श्री मिलन सुनार | रोजगार सहायक | " | |
| ७१ | श्री धन बहादुर गुरुङ | प्राविधिक सहायक | " | |

| | | | | |
|---|---|---|---|---|
| ७२ | श्री खिल कुमारी गुरुङ | फिल्ड सहायक | " | |
| ७३ | श्री निरु गुरुङ | फिल्ड सहायक | " | |
| ७४ | श्री निसान पन्त | उ.वि.सहजकर्ता | " | |
| ७५ | श्री तेज माया गुरुङ | स.क.अ. | " | |
| ७६ | श्री प्रेम कुमार गुरुङ | अमिन | " | |
| ७७ | श्री रिजन विश्वकर्मा | स्वकिय सचिव | " | |
| ७८ | श्री शोभना बराम | सहजकर्ता | " | |
| ७९ | श्री याम बहादुर सुनार | ह.स.चा. | " | |
| ८० | श्री थमन डाँगी | ह.स.चा. | " | |
| ८१ | श्री रोहित थापा मगर | डोजर अपरेटर | " | |
| ८२ | श्री प्रकाश गुरुङ | हेभि सवारी चालक | " | |
| ८३ | श्री सजक सुनार | स्वयंसेवक (पशु सेवा) | " | |
| ८४ | श्री मधुसुदन लामिछाने | स्वयंसेवक (कृषि सेवा) | " | |
| ८५ | श्री चन्द्र कुमार बराम | का.स. | " | |
| ८६ | श्री रोल नारायण श्रेष्ठ | का.स. | " | |
| ८७ | श्री सन्देश दर्जी | का.स. | " | |
| ८८ | श्री सिता सुवेदी | का.स. | " | |
| ८९ | श्री प्रेम प्रकाश आचार्य | ना.प्र.स. | " | |
| ९० | रोहित थापा | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

### वडा सचिवहरु र स्वास्थ्य चौकी/आयुर्वेद औषधालय प्रमुखहरु

| क्र.सं. | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री जित कुमारी घले | वडा सचिव | १ नं. र २ नं. वडा कार्यालय, बारपाक | |
| २ | श्री तेजनाथ पाठक | " | ३ नं. वडा कार्यालय, स्वाँरा | |
| ३ | श्री रमेश अर्याल | " | ४ नं. वडा कार्यालय, सौरपानी | |
| ४ | श्री रोशन सुनुवार | " | ५ नं. वडा कार्यालय, तामालाबोट | |
| ५ | श्री नवदुर्गा पोखरेल | " | ६ नं. वडा कार्यालय, ताकुकोट | |
| ६ | श्री मनोज़ गुरुङ | " | ८ नं. वडा कार्यालय, ~~पाँचखुवा देउराली~~, पन्दुङ | |
| ७ | श्री तेजेन्द्र पाण्डे | " | ६ नं. वडा कार्यालय, पाँचखुवा देउराली | |
| ८. | श्री भिमकान्त घिमिरे | ज.स्वा.नि. | पाँचखुवा देउराली स्वा. चौकी | |
| ९. | सर्मिला ओली | हे.अ. | ताकुकोट स्वा. चौ. | |
| १०. | पशुपति ढुंगाना | ज.स्वा.नि. | सौरपानी स्वा. चौ. | |
| ११ | विरेन्द्र प्रसाद यादव | कविराज निरीक्षक | सौरपानी आयुर्वेद औषधालय | |
| १२ | नारायण ढकाल | वि.ल.स. | बारपाक सुलिकोट ८ | |
| १३ | केशव गिरी | हे.अ. | बारपाक स्वा. चौकी | |

| क्र.सं. | कार्यसूची/प्रस्ताव | कार्यसूची प्रस्तुतकर्ता |
|---|---|---|
| 0१ | अध्यक्षले गाउँसभाको १६औं अधिवेशन आब्हान गरेको पत्रको व्यहोरा सभामा बाचन गरेर जानकारी गराउने | सभाका अध्यक्ष श्री विष्णु प्रसाद भट्ट |
| 0२ | समसामयिक विषय (शून्य समयमा धारणा राख्ने) | गाउँ सभा सदस्यहरु |
| 0३ | आ.व. ०८०/८१ को महालेखा परिक्षण प्रतिवेदन तथा लेखा समितिको प्रतिवेदन उपर छलफल र बेरुजु नियमन सम्बन्धी विषयमा छलफल | समितिका संयोजक श्री सुनेम गुरुङ् |
| 0४ | न्यायिक समितिको ०८१/८२ को अर्धवार्षिक प्रतिवेदन प्रस्तुत | समितिका संयोजक श्री सनमाया गुरुङ् |
| 0५ | राजश्व परामर्श समतिको ०८१/८२ को अर्धवार्षिक प्रतिवेदन प्रस्तुत | समितिका संयोजक श्री सनमाया गुरुङ् |
| 0६ | अनुगमन समतिको ०८१/८२ को अर्धवार्षिक प्रतिवेदन प्रस्तुत | समितिका संयोजक श्री सनमाया गुरुङ् |
| 0७ | ०८१/८२ को अर्धवार्षिक समिक्षा प्रतिवेदन प्रस्तुत (विनियोजन, धरौटी, कार्य संचालन कोष) | सभाका अध्यक्ष श्री विष्णु प्रसाद भट्ट |
| ०८ | विषयगत समिति प्रतिवेदन प्रस्तुत (सुशासन, पूर्वाधार, आर्थिक) | सभाका अध्यक्ष श्री विष्णु प्रसाद भट्ट |
| ०९ | विधायन समिति प्रतिवेदन प्रस्तुत | श्री शरण गुरुङ |
| १० | मर्मत सम्भार कोष समिक्षा तथा प्रतिवेदन | श्री शरण गुरुङ |
| ११ | जिन्सी (PAMS)को ०८१/८२ को अर्धवार्षिक प्रतिवेदन प्रस्तुत | श्री सनमाया गुरुङ |
| १२ | ढोडेनीमा संकलित दहत्तर बहत्तर सम्बन्धमा। | सभाका अध्यक्ष श्री विष्णु प्रसाद भट्ट |
| १३ | विनियोजन ऐन संशोधन सम्बन्धी प्रस्ताव | प्रस्ताव पेश गर्ने श्री सनमाया गुरुङ्<br>प्रस्तावको समर्थन पेश गर्ने श्री बावुलाल गुरुङ सैद्धान्तिक विषयमा बोल्ने गाउँ सभा सदस्यहरु |
| १४ | विविध।<br>(क) संघीय तथा प्रादेशिक कार्यालयलाई राजश्व संकलनको लागि पत्राचार सम्बन्धमा।<br>(ख) घुम्ती व्यवसाय गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा।<br>(ग) सडकको लगत कट्टा सम्बन्धमा।<br>(घ) नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम, मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम, लैङ्गिक हिंसा निवारण तथा मानव वेचविखन नियन्त्रण कार्यक्रम र सामाजिक विकास कार्यक्रमबाट विभिन्न संघ संस्थालाई दिने अनुदानका लागि बजेट सुनिश्चितता सम्बन्धमा।<br>(ङ)शुन्य समयमा उठेका अन्य विविध विषयहरु। | |

**निर्णयहरु:**

१) यस बारपाक सुलिकोट गाउँपलिका अधयक्ष श्री विष्णु प्रसाद भट्ट ज्युले गाउँपालिकाको सोह्रौँ अधिवेसन/ हिउदे अधिवेसन आह्वान गरेको पत्रको व्यहोरा वाचन गरी सभालाई जानकारी गराउनुभयो।

२) शुन्य समयमा उठेका प्रश्नहरुको सभाध्यक्ष ज्युले टिपोट गरी सो सम्बन्धमा जबाफ दिनुभयो।

३) आ.व. ०८०/०८१ सम्मको महालेखा परीक्षकको कार्यालयले प्रस्तुत गरेको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको वेरुजु नियमन गर्न लेखा समिति संयोजक श्री सुनेम गुरुङ् ज्युले प्रस्तुत गर्नुभएको प्रतिवेदन माथि छलफल गरि नियमित गर्नुपर्ने अनियमित बेरुजु नियमित गर्ने निर्णय गरियो। साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

| बेरुजु दफा | आ. व. | बेरुजु को ब्योहरा (दफावार प्रस्ताव ) | बेरुजु रकम (रु) |
|---|---|---|---|
| २०.१.१ | ०७८/०७९ | कार्यालयले घुन्चोक पोखरी डि पि आर गरि प्लानेट टेष्ट सिताचल जे भी लाई भुक्तानी गरकोमा परामर्शदर्ताको योग्यता र अनुभवलाई मात्र समावेश गरी प्राविधिक मुल्यांकन गरी छनोट गरेको छ। यसरी ५वटा शीर्षकलाई आधार लिई मुल्यांकन गर्नुपर्नेमा २ वटा शीर्षकमा मात्र मुल्यांकन गरी छनोट गरी भुक्तानी गरेको रकम अनियमित देखिएको रु १६८३१३५ | १६८३१३५। |
| बेरुजु दफा २०.१.१ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा उक्त प्रस्तावकर्ता छनोट प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक सम्पतिको हानी- नोक्सानी नभएको र प्रदेशल सरकारले कार्यक्रम अगाडी बढाउन बजेट बिनियोजन समेत गरिसकेको सन्दर्भ जानकारी गराउँदै आगामी समयमा यस्ता गल्ति सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो। साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |
| ३१ | ०७८/०७९ | पालिकाले दिल वहादुर रम्तेल स्मृति कपको लागि १२ लाख विनियोजन गरेकोमा रु १४,४७,६५० खर्च गरको देखिन्छ। यसरी विनियोजन भन्दा बढी रकम खर्च गरेको रकम अनियमित देखिएको रु २,४७,६५४ | २,४७,६५४। |

| | | | |
|---|---|---|---|
| बेरुजु दफा ३१ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा उक्त विनियोजन प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक सम्पतिको हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो। साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |
| ३३ | ०७८/०७९ | पालिकाले मासिक रुपमा सेवाग्राहीसंग विद्दुत महसुल लिने लाकुरिवोट ताकुमाझ सामुदायिक विद्युत वितरण सहकारी संस्थालाई रु ६,९७,१७९ उपलब्ध गराएको छ। यसरी निशुःल्क वा न्युन मुल्यमा सेवा प्रवाहको सुनिश्चित नगरी नाफामुखी संस्थालाई अनुदान उपलब्ध गराएको रकम अनियमित देखिएको। | रु ६,९७,१७९। |
| बेरुजु दफा ३३ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा हरेक नागरिकलाई विद्युतको पहुँच उपलब्ध गराउने नेपाल सरकारको नीति रहेको विदितै छ। नजिकको सरकार हुनुको नाताले राष्ट्रिय विद्युत प्रसारण लाईन पुगिनसकेको ग्रामीण भेगको जनताको उर्जाको आवश्यक्तालाई सम्बोधन गर्नु स्थानीय सरकारको महत्वपूर्ण दायित्व हो। त्यसैले समुदायस्तरबाट सञ्चालित सामुदायिक विद्युतीकरण कार्यको ठूलो खर्चको मर्मत सम्भार सामुदायि विद्युतले गर्न नसकि नागरिकका घरमा विजुली नै नबल्ने अवस्था आउन नदिन विद्युत मर्मतमा खर्च गरिएको हो। उक्त भुक्तानीले सार्वजनिक हानी नोक्सानी नभई नागरिकको आधारभूत आवश्यक्ता पुरा गरेकोले उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो। साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |
| ४६ | ०७८/०७९ | शीर्षक फरक पारी खर्च -पालिकाले बहाकोट अकला समुहका १७ कृषक मध्ये १५ जनालाई रु ३,०००। का दरले र २ जनालाई रु २५,०००। का दरले जम्मा ५१ वटा बाख्रा रु ५०००००। मा खरिद गरी वितरण गरेको देखिन्छ।<br><br>चालु अनुदान शीर्षकमा वजेट व्यवस्था गरी खर्च गर्नुपर्नेमा पुँजिगत शीर्षकमा बजेट विनियोजन गरी खर्च गरेको छ। त्यसै गरी पुँजीगत शीर्षकबाट पालिका वृत्तचित्र निर्माण कार्यको लागि पनि फलानो क्रियसनसँग संझौता गरि रु ३,९५,००० खर्च लेखेको छ। यसरी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या निर्देशिका २०७४ अनुसार बजेट तथा खर्च लेखाङकन गर्नु पर्नेमा सो नगरेकोले विनियोजन तथा खर्च नियमसम्मत देखिएन। | ८,९५,०००। |

| | | | |
|---|---|---|---|
| बेरुजु दफा ४६ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा पालिकाको प्रणालीमा दक्षजनशक्ति नहुँदा सो गल्ती भएको हो र उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ५२ | ०७८/०७९ | सट्टा शिक्षकको तलव -पालिकाले स्रोत व्यक्तिको रुपमा सुर्यज्योती मा वि का शिक्षक भिम कुमार श्रेष्ठलाई पालिकामा कर्मचारी हुँदाहुँदै पनि कामकाजको लागि पालिका ल्याई निजको सट्टामा एलिशा श्रेष्ठलाई मासिक, चाडपर्व र पोशाक भत्ता गरी रु ५०३८७०। खर्च लेखेको अनियमित देखिन्छ । | ५०३८७०। |
| बेरुजु दफा ५२ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा पालिकाले तत्कालिन समयमा दरबन्दी पूर्ति नहुँदा सुर्यज्योती मा वि मा कार्यरत शिक्षक भिमकुमार श्रेष्ठलाई गाउँपालिकाको शिक्षा शाखामा काजमा खटाएको र विद्यालयको पठनपाठनमा नकारात्मक असर नपरोस् भनी सट्टा शिक्षक राखिएको हो । हाल गाउँपालिकाको शिक्षा शाखामा पदपूर्ती भएता पनि प्रशासन तर्फको पदपूर्ती नहुँदा प्राविधिक सहायकलाई प्रशासनमा खटाउनु परेकोले शिक्षक भिमकुमार श्रेष्ठलाई विद्यालयमा काज फिर्ता गर्न सकिएको छैन । उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी दिनमा गाउँपालिकामा जनशक्तिको पदपूर्ति हुनेबित्तिकै त्रुटी सच्याउने प्रतिबद्दता सहित उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ५६ | ०७८/०७९ | दुर्गा मा वि स्वर्ण महोत्सव खर्च – आन्तरिक आय रु ६१ लाख मात्र भएको पालिकाले संघ तथा प्रदेश बाट प्राप्त अनुदान दिर्घकालिन पुँजि निर्माणमा प्रयोग नगरि यस प्रकार कार्यक्रममा किताव छपाई खर्च तथा फ्रेम खरिदमा खर्च गरेको रकम अनियमित देखिएको । | ४५००००। |
| बेरुजु दफा ५६ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा शिक्षा, स्वास्थ्य र कृषिमा सरकारले प्रथमिकता प्रदान गर्नुपर्ने कुरा हाम्रो सम्विधान, नीति तथा कार्यक्रम र आवधिक योजनाले समेत अंगीकार गरेको छ । सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न राज्यले पर्याप्त लगानी गर्नुपर्दछ । त्यसैले यस भुक्तानीले सार्वजनिक हानी नोक्सानी नभएको बरु सार्वजनिक विद्यालयको गिर्दो साख कायम राख्न सफल भएकोले उक्त बेरुजु नियमित गरि सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |

| | | | |
|---|---|---|---|
| ९.५ | ०७७/०७८ | भुक्तानी बाँकी- गत वर्षको रकम भुक्तानी दिन बाँकी भएमा भुक्तानी दिन बाँकीको कच्चेबारी भरि प्रमाणित गराइ सो को आधारमा भुक्तानि दिनुपर्नेमा कच्चेवारी वेगर पालिकाले विभिन्न झोलुङ्गे पुल निर्माण कार्य वापत रु ९१२८२९।– इन्टरटेक प्रा. लि। लाई भुक्तानी गरेको छ । भुक्तानी दिन बाँकीको कच्चेबारी बेगर खर्च लेखेको रकम नियमसम्मत नभएको रु ९१२८२९। | ९१२८२९। |
| बेरुजु दफा ९.५ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| २४.९ | ०७७/०७८ | कार्य सम्पन्न वेगर परामर्श सेवा भुक्तानी –पुरानो घट्टखोला झोलुङ्गे पुल (रु ७८१९१०) र ढोडेनी वेशी झोलुङ्गे पुल (रु ७६९५९) को अन्तिम किस्ता कार्यसम्पन्न पछी भुक्तानी दिनु पर्नेमा निर्माण कार्य सम्पन्न पुर्व नै भुक्तानि दिनु नियमसम्मत देखिएन । | १५५१५०। |
| बेरुजु दफा २४.९ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ३१ | ०७७/०७८ | ट्रान्सफर्मर खरिद – माथिल्लो हुण्डी खोला लघु जलविधुत परियोजनाले ट्रान्सवेल्ड नेपाल प्रा.ली बाट ५० KVA distribution transformer खरिद गर्दा दररेट माग गरी घटी दर पेश गर्ने कम्पनिको मुल्यमा खरिद गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरिएको भुक्तानी नियमस्मत देखिएन । | २५४२५०। |
| बेरुजु दफा ३१ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ३४ | ०७७/०७८ | बौद्ध स्ट्याचु खरिद- वारपाक बुद्धपार्क निर्माणको लागि नेपलिज ह्याण्डीक्राफ्ट बाट 5ft Boudha statue थान १को रु बिस लाख र १ थान Prayer wheel को जम्मा रु २५०००० खरिद बिना कोटेशन, सिलवन्दी दरभाउपत्र तथा वोलपत्र वेगर गरिएको छ । | २५००००। |

| | | | |
|---|---|---|---|
| | | सम्वन्धित कम्पनीबाट देररेट माग गरी घटी दर पेश गर्ने कम्पनीको मूल्य कायम गर्नुपर्नेमा सोझै खरिद गरेकोले नियमसम्मत देखिएन। | |
| बेरुजु दफा ३४ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ४० | ०७७/०७८ | सोझै खरिद – सोझै खरिद गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने र एउटा आपुर्तीकर्ता सँग एक पटक भन्दा बढि सोझै खरिद गर्न नहुने कानुनमा उल्लेख हुँदाहुँदै पनि पालिकाले विभिन्न सप्लायर्स बाट प्रतिस्पर्धात्मक विधि नअपानई सोझै खरिद गरेको अनियमित देखियो। सप्लायर्स हरुमा उज्वल स्टेश्नरी, श्रेष्ठ ब्रदर्स, सि. मि. स इन्टरप्राइजेज, वोनाफाइड प्रिन्टिङ प्रेस र मनासलु अफसेट प्रेस। | ३३०२४४८ |
| बेरुजु दफा ४० उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ४२ | ०७७/०७८ | भुक्तानी दिन बाँकीको कच्चाबारी वेगर भुक्तानी – संघीय कार्यालयमा जस्तै स्थानिय तहले पनि गत वर्षको भुक्तानी गर्ने प्रयोजनर्थ आवश्यक कानुनी व्यवस्था गरि आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गर्नुपर्नेमा पालिकाले भुक्तानी दिन बाँकी कच्चावारी वेगर भौ ८-२०७७\०६\२६ बाट इन्टरटेक प्रा लि लाई रु ९१२८२९। भुक्तानि दिएको रकम नियम विपरित भएको रु | ९१२८२९। |
| बेरुजु दफा ४२ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा तत्कालिन समयमा दक्षजनशक्ति नहुँदा सो त्रुटी हुन पुगेको सन्दर्भ केलाउँदै उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| मलेप प्रारम्भिक प्रतिवेदन ०८०/८१ उपर समेत दफावार छलफल गरी अनियमित बेरुजुको सन्दर्भमा दफावार छलफल गरी दफावार निर्णय गरियो। | | | |

| बेरुजु दफा | आ.व. | बेरुजुको व्यहोरा ( दफावार प्रस्ताव र निर्णय) | रकम (रु) |
|---|---|---|---|
| २६ | ०८०/८१ | बितरणमुखि कार्यक्रम – पालिकाले बजेट तथा योजनामा समावेश गराइ रु २९८५२९८।, पूंजिगत बजेटबाट बितरणमुखी र थप आर्थिक व्ययभार श्रृजना हुने प्रकृतिका कर्यमा खर्च लेखी भुक्तानि दिएको छ । यसरी खर्च गर्दा र गराउँदा पालिका प्रमुख वा वडाध्यक्षको तोक आदेश अनुसार खर्च लेखिएको छ ।यसप्रकारको वितरणमुखी र थप व्यय भार सिर्जना हुने प्रकृतिको खर्चबाट पालिकालाई थप दायित्व पर्न गएको कार्यक्रमका विवरणमा खेलकुद सामाग्री वितरण,बारपाक बहुप्राविधिक शिक्षालय छात्राबास सहयोग, गाउवपालिकामा फोटो संकलन फ्रेमिङ र सजावट, मूर्ति निर्माण, शहिद दिल बहादुर रम्तेल पार्क एवं संग्रहलाय विस्तार कार्यक्रम र विविध र पालिका भित्तेलेखन र फ्रेम रहेको देखिन्छ । | २९८५२९८। |
| बेरुजु दफा २६ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा स्थानीय तह नागरिकको सबैभन्दा नजिक र पहुँचको सरकारको भएको कुरा विदितै छ । ठूला भौतिक संरचना र विकास निर्माण मात्रै होईन नागरिकका जनजीविकासँग सम्बन्धित साना साना आवश्यक्तालाई सम्बोधन गर्नु पनि राज्यको दायित्व उत्तिकै रहन्छ । वास्तवमा त्यस्ता खर्चले सार्वजनिक सम्पतिको हानी नोक्सानी नभई नागरिक प्रतिको राज्यको दायित्व पूरा गर्न भूमिका खेलेको छ । त्यसैले उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ३८ | ०८०/८१ | दरबन्दी बाहिरको कर्मचारी करार- नगर प्रहरी, सवारी चालक, सयस, बगै.चे, प्लम्बर बाहेकको १४ जना करार नियुक्ति गरि वर्षभरीमा रु २८४६६००।– भुक्तानी गरेको अनियमित देखियो। | २८४६६००। |
| बेरुजु दफा ३८ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा वडा कार्यालयमा वडा सचिवको एक्लैको दरबन्दी रहेको छ । वडा सचिव एक्लैले वडा कार्यालयको सेवा प्रवाह गर्न नसक्ने भएकोले वडा कार्यालयका लागि अति आवश्यक जनशक्ति सहायक कम्प्युटर, अमिन र विगतमा सामाजिक विकास कार्यक्रमअन्तरगतका तत्कालीन जिल्ला विकास समितिले पठाएका महिला सामाजिक परिचालकलाई सेवा सुविधा प्रदान गरिएको हो । उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको तथा कार्यालयको सेवा | |

<table>
<tr><td colspan="2"></td><td colspan="2">प्रवाहलाई प्रभावकारी बनाउन सहयोग गरेको छ । आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>५०</td><td>०८०/८१</td><td>सोझै खरिद- पालिकाले एउटै सामान पटक पटक एउटै विक्रेता सँग खरिद गरेको अनियमित।</td><td>रु २५३१९६२</td></tr>
<tr><td colspan="2">बेरुजु दफा ५० उपर छलफल</td><td colspan="2">प्रस्तुत बेरुजु उपर छलफल गर्दा गाउँपालिकाको केन्द्र- १, वडा कार्यालय – ८, स्वास्थ्य कार्यालय- १२ र आयुर्वेद - १ गरि २२ ओटा सेवा केन्द्रहरु छन् । जटिल भूगोल र यातायातको सहज पहुँच नभएकोले गाउँपालिकाका वडा कार्यालय र सेवा केन्द्रमा गाउँपालिकाको केन्द्रबाट सजिलै आउजाउ गर्न सकिदैन । जिल्ला सदरमुकामबाट समेत सबै वडामा पुग्न सहज छैन । वडाबाट जुन बजार नजिकको दूरीमा छ त्यही बजारबाट आवश्यक सामाग्री खरिद गरी ढ्वानी गर्दा सहज र सस्तो पर्न जान्छ । त्यसैले उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको, बरु सार्वजनिक सम्पतिको मितव्ययीता कायम गर्न सघाउ पुगेको छ । उक्त बेरुजु नियमित नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>५२</td><td>०८०/८१</td><td>दिल बहादुर रम्तेल पार्क- कार्यपालिका बैठक निर्णयलाई आधार मानी पालिकाले रम्तेल पार्कलाई प्राप्त बजेट शीर्षक भन्दा फरक कार्यजस्तै फर्निचर खरिद र सवारी मर्मतमा खर्च र भुक्तानी दिएको नियमसम्मत देखिएन।</td><td>५८११३९।</td></tr>
<tr><td colspan="2">बेरुजु दफा ५२ उपर निर्णय</td><td colspan="2">प्रस्तुत बेरुजु उपर छलफल गर्दा उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>५७</td><td>०८०/८१</td><td>हस्तान्तरण नहुने कार्य- पालिकाले उपभोक्ता समिति मार्फत स्वामित्व हस्तान्तरण हुन नसक्ने प्रकृतिका कार्यहरु (स्वास्थय चौकी तारबार वडा नं १ र २, चिसापानी स्वास्थय इकाइ मर्मत) समेत उपभोक्ताबाट गराएको छ जुन नियमसम्मत देखिएन।</td><td>५७४५६०।</td></tr>
<tr><td colspan="2">बेरुजु दफा ५७ उपर निर्णय</td><td colspan="2">प्रस्तुत बेरुजु उपर छलफल गर्दा उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ५८.२ | ०८०/८१ | समितिले निर्माण व्यवसायीको बिल पेश गरेको- ओग्रा पौवा खोला लिस्याबुङ्ग सडक सतरउन्नती उ स मा सबैकाममा डोजर प्रयोग गरेको देखिन्छ र उक्त कार्यमा जे भि निर्माण व्यवसायिको १२५३८७७ को विल पेश गरी उसले भुक्तानी उ स लाई गरेको अनियमित देखिन्छ। | ९५५१९२। |
| बेरुजु दफा ५८.२ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको  र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो। साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |
| ६३ | ०८०/८१ | BOQ परिमाण थप- पालिकाले निर्माणाधिन १५ शैय्याको अस्पतालको स्वीकृत DPR प्रतिवेदन र लागत अनुमानमा आइटम नं ३३ floor, ceiling,wall,tarace आदिको supply र fittings को कार्य ५० मि. गर्ने गरी स्वीकृत भएको छ। तर सम्झौताको BOQ मा उक्त आइटमको कार्य १०० मिङ गर्ने गरी राखिएको छ। यसरी परिमाण वृद्रिहुनुको उचित र प्रयाप्त कारण पेश हुन आएन। जसमा BOQ को प्रति र मि दर रु ७१२९.०८ को दरले हुने मु.अ कर समेत रु ४०२७९३ ले लागत बढ्न गएकोले अनियमित भएको। | रु ४०२७९३।- |
| बेरुजु दफा ६३ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा आवश्यक दक्ष जनशक्ति नहुँदा सो त्रुटी हुन पुगेको सन्दर्भलाई केलाउँदै उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको  र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो। साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |
| ८१ | ०८०-८१ | समानीकरणबाट विधालयलाई अनुदान-पालिकाले संघिय समानीकरण समेतको पालिका चालु खर्च शीर्षकबाट १७ विधालयका २२ शिक्षकलाई तलव वापत रकम निकासा दिएको नियमसम्मत नदेखिएको। | ४०६३५००। |
| बेरुजु दफा ८१ उपर छलफल | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा सरकारले माध्यामिक तहसम्मको शिक्षालाई निःशुल्क र आधारभूत तह कक्षा ८ सम्मको शिक्षालाई अनिवार्य र निःशुल्क घोषणा गरेको छ। तर विद्यालयमा पर्याप्त दरबन्दी नहुँदा सार्वजनिक विद्यालयको गुणस्तर सुधार्न सकिएको छैन। यस्तो अवस्थामा सार्वजनिक विद्यालयको गुणस्तर सुधार गर्न थप लगानीको आवश्यक्ता छ। त्यसैले उक्त  भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक | |

| | | | |
|---|---|---|---|
| | | हानी- नोक्सानी नभएको र शिक्षाको गुणस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेलेकोले उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ८४ | ०८०/८१ | शीर्षक फरक- पालिकाले सामुदायिक विध्यालयका छात्रालाइ निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन उपशीर्षकबाट कक्षा ११र १२ का विधार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक रु ९९,९०५।– निकासा दिएको छ । तसर्थ जुन बजेट शीर्षकमा बजेट बिनियोजन भएको हो त्यही खर्च शीर्षकबाट मात्र खर्च गर्नुपर्नेमा शीर्षक फरकपारि गरिएको खर्च नियमस्मत नदेखिएको रु | ९९९०५। |
| बेरुजु दफा ८४ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा आवश्यक दक्षजनशक्ति नहुँदा सो त्रुटी हुन पुगेको तथा उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ८६ | ०८०/८१ | प्र. अ. भत्ता थप- पालिका अन्तर्गतका ३७ सामुदायिक विधालयका प्र अ लाई आन्तरिक अनुदानबाट थप गरी पालिकाले तप व्ययभार पर्ने गरी रु २१७५००।– भुक्तानि दिएको रकम नियमसम्मत नदेखीएको रु | २१७५००। |
| बेरुजु दफा ८६ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा यस गाउँपालिकाको भूगोल निकै जटिल र कठीन भएकोले सबै ठाउँमा यातायातको सहज पहुँच छैन । दुर्गम भूगोलका कारण शिक्षकलाई टिकाईराख्नु ठूलो चुनौती बनेको छ । शिक्षक नटिक्ने समस्याले पठनपाठनमा गम्भिर असर परेको छ । यसैलाई मध्यनजर गर्दै प्र अ लाई थप प्रोत्साहन भत्ता दिईएको हो । उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ८८ | ०८०/८१ | सट्टा शिक्षकको तलव -पालिकाले स्रोत व्यक्तीको रुपमा सुर्यज्योती मा विका शिक्षक भिम कुमार श्रेष्ठलाई पालिकामा कर्मचारी हुँदाहुँदैपनि कामकाजको लागि पालिका ल्याई निजको सट्टामा सुरेन्द्र श्रेष्ठलाई मासिक, चाडपर्व र पोशाक भत्ता गरी रु ४३३१६०। खर्च लेखेको अनियमित देखिन्छ । | ४३३१६०।- |

| | | | |
|---|---|---|---|
| बेरुजु दफा ८८ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा पालिकाले तत्कालिन समयमा दरबन्दी पूर्ति नहुँदा सुर्यज्योती मा वि मा कार्यरत शिक्षक भिमकुमार श्रेष्ठलाई गाउँपालिकाको शिक्षा शाखामा काजमा खटाएको र विद्यालयको पठनपाठनमा नकारात्मक असर नपरोस् भनी सट्टा शिक्षक राखिएको हो। हाल गाउँपालिकाको शिक्षा शाखामा पदपूर्ती भएता पनि प्रशासन तर्फको पदपूर्ती नहुँदा प्राविधिक सहायकलाई प्रशासनमा खटाउनु परेकोले शिक्षक भिमकुमार श्रेष्ठलाई विद्यालयमा काज फिर्ता गर्न सकिएको छैन। उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी दिनमा गाउँपालिकामा जनशक्तिको पदपूर्ति हुनेबित्तिकै त्रुटी सच्याउने प्रतिबद्दता सहित उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो। साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |
| ९१ | ०८०/८१ | संघीय र स्थानीय कार्यक्रममा दोहोरोपना - महिला स्वास्थय स्वयंसेविका लाई यातायात भुक्तानि गरेकोमा सो कार्यक्रम संघिय कार्यक्रम सँग जुधेकोले नेपाल सरकारलाई दोहोरो व्यभार परेकोले अनियमित रु | ११३४०००।- |
| बेरुजु दफा ९१ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा महिला स्वास्थ्य स्वयमसेविकहरुको स्वास्थ्य सेवाको प्रवाह, स्वास्थ्यसम्बन्धी सूचना प्रवाह र स्वास्थ्य सम्बन्धी जनचेतना प्रवाहमा अहम भूमिका रहन्छ।तर उनीहरुलाई सरकारले प्रदान गर्ने सेवासुविधा भने नगन्य मात्रै छ। उनीहरुको मनोबल उच्च बनाउन पालिकाले थप प्रोत्साहन भत्ता उपलब्ध गराएको हो। उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी भएको छैन बरु स्वास्थ्य सेवाको प्रभावकारीता अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको छ।त्यसैले उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो। साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |
| ९४ | ०८०/८१ | अनुदानको अभिलेख र अनुगमन- पालिकाले विभिन्न कृषक तथा समुहलाई कुलो निर्मण, मर्मत तथा सिंचाई र किवी खेती विस्तारको लागि t-bar निर्माण गर्न अनुदान दिएको छ। अनुदानको प्रभावकारि प्रयोग सम्बन्धमा अनुगमन प्रतिवेदन नरहेको र विगत देखीको अभिलेख अधावधिक नराखेको हुँदा यथार्थता यकिन हुन सकेन। यसप्रकारको भुक्तानी रकम अनियमित देखियो। | २१२५०००। |
| बेरुजु दफा ९४ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा कृषि पेशा यस गाउँपालिकाका नागरिकको पहिलो पेशा र जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने पेशा भएकाले कृषकलाई अनुदान र सहयोग वितरण गर्नु हाम्रो पहिलो प्राथमिकतामा पर्दछ। अर्कोतर्फ दैनिक हजारौँको संख्यामा विदेशिने गरेको युवा जनशक्तिलाई स्वदेशमै रोक्न पनि व्यवसायिक खेती तर्फ उन्मुख गराउन जरुरी छ। त्यसैका लागि त्यस्तो अनुदान वितरण गरिएको हो। उक्त | |

| | | | |
|---|---|---|---|
| | | भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको र आगामी समयमा यस्ता गल्ती सुधार गर्ने प्रतिबद्दता व्यक्त गरी उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ९५ | ०८०/८१ | कुकुरलाई बन्ध्याकरण- लागत अनुमान स्वीकृत वेगर ३/३ संस्थालाई दर रेट लिईप्रति कुकुर रु ३९५०।– का दरले बन्ध्याकरण गर्ने कार्य मितव्ययी बन्ने आधार पेश नभएकोले अनियमित भएको रु | ३०००००।- |
| बेरुजु दफा ९५ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा भुस्याहा कुकुरको संख्या बढ्न गई नागरिकलाई कुकुरले टोक्ने, दुःख दिने र असुरक्षा बढ्ने गरेकोले भुस्याहा कुकुरको नियन्त्रण अपरिहार्य बनेको छ । यसैका लागि कुकुर बन्ध्याकरण कार्यक्रम राखिएको तर पशु सेवा शाखामा दक्ष जनशक्ति नहुँदा विज्ञ जनशक्ति बाह्य रुपमा खरिद गर्नुपर्दा यो कार्यक्रम खर्चालु हुन पुगेको देखिन्छ । यथार्थमा उक्त भुक्तानी प्रक्रिया ले खर्चको व्ययभार बढेको देखिएता पनि सार्वजनिक हानी- नोक्सानी नभएको भुस्याहा कुकुरको नियन्त्रण सँगै रेबिज न्यूनीकरणमा समेत महत्वपूर्ण भूमिका खेलेको छ । त्यसैले उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ९७ | ०८०/८१ | नाफामुखी संस्थालाई अनुदान- पिपलबोट र ताकुकोट सहकारी संस्थालाई अनुदान दिएको नियमसम्मत देखिएन । | ६४३०३८। |
| बेरुजु दफा ९७ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा नेपालमा पैसा कमाएका धनीहरुको पेशा नभई गरिब दुःखीहरुको पेशाको रुपमा कृषि पेशालाई लिने गरिएको छ । तिनै गरिब दुःखी किसानहरु आबद्ध कृषि सहकारी संस्था अन्य सहकारीको जस्तो ठूलो पूँजी हुँदैन । सानो सानो पूँजीलाई संकलन गरि स्थापित कृषि सहकारीहरुले आधुनिक मेसिन र औजार खरिद गर्ने सामर्थ्य राख्दैनन् । तसर्थ कृषि क्षेत्रको व्यवसायिकरण र आधुनिकीकरणका लागि गाउँपालिकाबाट अनुदान उपलब्ध गराईएको हो । उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी- नोक्सानी नभएको किसानहरुको जीवनस्तर र आर्थिक विकासमा ठूलो भूमिका खेल्ने भएकाले उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो । साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ९९ | ०८०/८१ | लाभग्राहीबाट हाते ट्रयाक्टर र थ्रेसर खरिद- पालिकाले आफुले हातेट्रयाक्टर र थ्रेसर कानुनसम्मत खरिद नगरि कृषकहरु स्वयंले खरिद गर्दा खरिद कार्य टुक्रा हुन गएको र प्रतिस्पर्धासमेत न्युन रहने हुँदा खरिद कार्य मितव्ययी हुन सकेको पाइँदैन। विगतका | ११५२७५०।- |

| | | | |
|---|---|---|---|
| | | अनुदान समेतको अभिलेखांकन अधावधिक राखेको पाईदैन जसले प्रभावकारी उपयोगको यकिन हुने अवस्था नरहेकोले नियमसम्मत देखिएन। | |
| बेरुजु दफा ९९ उपर निर्णय | | प्रस्तुत बेरुजु उपर छलफल गर्दा कृषकहरुलाई छनोटको अधिकार दिने र खरिद प्रकृयालाई सहज र सुलभ बनाउन त्यस्तो विधि छनौट गरिएको हो। उक्त भुक्तानी प्रक्रिया ले रित पुर्याउन नसकेपनी सार्वजनिक हानी-नोक्सानी नभएको र किसानले आफ्नो आवश्यक्ता र रोजाई अनुसारको हाते ट्र्याक्टर खरिद गर्न पाउँदा सन्तुष्टी प्राप्त भएको देखिन्छ उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो। साथै सम्परीक्षणको लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |

आ.व ०७९/०८० को प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनले औल्याएको अन्य बेरुजुलाई फछ्यौंट गर्नका लागि सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिले आ-आफ्नो ठाउँबाट सहयोग र सहजीकरण गर्ने निर्णय गरियो र आगामी दिनमा शुन्य बेरुजु कायम गर्नका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्त पार्दै बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

४) गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक श्री सनमाया गुरुङ ज्युले प्रस्तुत गर्नुभएको आ.व. ०८१/०८२ को अर्धवार्षिक अवधिमा न्यायिक समितिद्वारा भए गरेका कार्यहरुको अर्धवार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने निर्णय गरियो।

५) गाउँपालिका उपाध्यक्ष तथा अनुगमन समितिका संयोजक श्री सनमाया गुरुङ ज्युले प्रस्तुत गर्नुभएको राजश्व परामर्श समितिको आ.व. ०८१/०८२ को अर्धवार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने निर्णय गरियो।

६) गाउँपालिका उपाध्यक्ष तथा अनुगमन समितिका संयोजक श्री सनमाया गुरुङ ज्युले प्रस्तुत सभामा सभामा प्रस्तुत गर्नुभएको अनुगमन समितिको आ.व. ०८०/०८१ को अर्धवार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने निर्णय गरियो।

७) सभाका अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्युले प्रस्तुत गर्नुभएको आ.व. ०८१/०८२ को अर्धवार्षिक अवधिमा भए गरेका कार्य र योजनाहरुको अर्धवार्षिक समिक्षा प्रतिवेदन माथि छलफल गरि पारित गर्ने निर्णय गरियो।

८) सभाका अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्युले प्रस्तुत गर्नुभएको विषयगत समिति प्रतिवेदन माथि छलफल गरि प्राप्त राय/ सुझावहरुलाई समावेश गरी उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो।

९) विधायन समिति संयोजक श्री शरण गुरुङ ज्युले प्रस्तुत गर्नुभएको विधायन समिति प्रतिवेदन माथि छलफल गरि सो प्रतिवेदनमा समावेश विधयक उपर थप छलफल गरि आगामी सभामा पेश गर्ने निर्णय गरियो ।

१०) श्री शरण गुरुङ ज्युले प्रस्तुत गर्नुभएको आ.व. ०८०/०८१ को मर्मत सम्भार कोषको वार्षिक समिक्षा प्रतिवेदन माथि छलफल गरि पारित गर्ने निर्णय गरियो ।

११) गाउँपालिका उपाध्यक्ष श्री सनमाया गुरुङ ज्युले प्रस्तुत गर्नुभएको जिन्सी निसरीक्षण (PAMS) को आ.व. ०८१/०८२ को अर्धवार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने निर्णय गरियो।

१२) बारपाक सुलिकोट गाउपालिका र अजिरकोट गाउँपालिका गोरखाको सिमाना क्षेत्रमा उत्खनन्, विक्रि, वितरण गर्न संयुक्त रुपमा संकलन गरी विक्रि वितरणको लागी तयारी भएको दहत्तर बहत्तर प्राविधिक मुल्याङ्कन अनुसारको परिमाणको प्रदेश दररेट र उत्खनन् खर्च समेत समायोजन गरीएको दररेट लाई सो संकलित दहत्तर बहत्तर लाई मात्र स्वीकृत गर्ने र तिन पटक सम्म ठेक्का प्रक्रियामा समेत ठेक्का नपरेको, धेरै परिणाममा दहत्तर बहत्तर रहेको, विक्रि वितरण गर्न चालु आवमा पाँच महिना मात्र बाँकी रहेको, दुवै गाँउपालिकाको प्रमुख आन्तरिक स्रोतको रुपमा रहेको, सो स्रोत बाट आम्दानी नहुँदा आन्तरिक स्रोतको परिचालन तथा आम्दानी हुन नसक्ने अवस्था रहेको हुँदा पून: एकपटक ठेक्का गर्ने तथा व्यवसायीहरुलाई ठेक्का प्रक्रिया (दहत्तर बहत्तर विक्रि) को लागि देहायबमोजिमका सर्तहरुलाई समावेस गरि ठेक्का प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

क. कबोल गरेको मूअकर समेतको रकमको १५% दुवै गाउँपालिकाको सम्बन्धित खातामा ५०% /५०% का दरले जम्मा गर्ने,

ख. कबोल गरेको मूअकर समेतको रकमको बाँकी ८५% रकमको हकमा सो रकम बराबरको बैंक जमानत सहित सम्झौता गर्ने र सो जमानतको ४०% को म्याद २०८१ असार मसान्त र बाँकी ४५% को म्याद २०८१ फागुन मसान्त सम्मको हुनुपर्ने,

ग. कबोल गरेको मूअकर समेतको रकमको ४०% दुवै गाउँपालिकाको सम्बन्धित खातामा ५०% /५०% का दरले २०८१ जेठ मसान्त सम्म जम्मा गर्ने,

घ. कबोल गरेको मूअकर समेतको रकमको बाँकी ४५% रकम दुवै गाउँपालिकाको सम्बन्धित खातामा ५०% /५०% का दरले २०८१ पौष मसान्त सम्म जम्मा गर्ने अन्यथा बैँक जमानत जफत गरी दुबै गाउँपालिकाले असुल उपर गर्ने,

ङ. अन्य विषयहरु कानून बमोजिम हुनेछ।

१३) सभाका उपाध्यक्ष सनमाया गुरुङले सभामा पेश गर्नुभएको विनियोजन विधेयक (संसोधन) ०८०/०८१ उपर सभामा छलफल गरी विनियोजन विधेयक (संसोधन) ०८०/०८१ लाई सर्वसम्मत स्वीकृत गरियो ।

| क्र. सं. | स्वीकृत योजनाको नाम | स्वीकृत बजेट | संशोधित तथा थप योजनाको नाम | संशोधित बजेट | कार्यान्वायन हुने वडा नं | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य विमा कार्यक्रम | ३५,००,०००/- | स्वास्थ्य विमा कार्यक्रम | ३६,२०,०००/- | गापा | थप रकम सहिद प्रेम ढकाल आधारभूत अस्पताल व्यवस्थापन तथा सञ्चालन खर्च बाट रकमान्तर |
| २ | | | स्वास्थ शिविर सहयोग तथा विविध | २,००,०००/- | गापा | |
| ३ | स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्डको नपुग सामाग्री खरिद | २,००,०००/- | स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्डको नपुग सामाग्री खरिद | ५,००,०००/- | गापा | |
| ४ | उपाध्यक्ष कोसेली गर्भवती पोषण खर्च वितरण | ४,००,०००/- | उपाध्यक्ष कोसेली गर्भवती पोषण खर्च वितरण | ४,५०,०००/- | गापा | |
| ५ | जटिलयुक्त गर्भवती सुत्केरी एम्वुलेन्स खर्च र | ३,५०,०००/- | जटिलयुक्त गर्भवती सुत्केरी एम्वुलेन्स खर्च र स्वास्थ्यकर्मी खर्च | ४,००,०००/- | गापा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्वास्थ्यकर्मी खर्च | | | | | |
| ६ | सवारी साधन | ५,००,०००/- | सवारी साधन | १०,००,०००/- | गापा | थप रकम मसलन्द तथा कार्यालय सामाग्रीबाट रकमान्तर |
| ७ | सट्टा शिक्षक | २,००,०००/- | | ३,००,०००/- | गापा | थप रकम विज्ञान छात्रवृत्ति कक्षा ११ र १२ बाट रकमान्तर |
| ८ | शिक्षक तालिम | ३,००,०००/- | | १०,००,०००/- | गापा | थप रकम अभिभावक शिक्षा कार्यक्रमबाट २ लाख, विपन्न विद्यार्थीलाई स्टेशनरी सहयोगबाट २ लाख र स्वयंसेवक शिक्षक परिचालनबाट ३ लाख रकमान्तर |
| ९ | गापा स्तरीय कक्षा ४ देखि १२ सम्म परीक्षा व्यवस्थापन | ८,००,०००/- | | १३,००,०००/- | गापा | थप रकम स्थानीय विषय पाठ्यपुस्तक छपाई कक्षा १ देखि ५ सम्म बाट रकमान्तर |
| १० | शिक्षक कर्मचारी छनौट | ४,००,०००/- | | ६,००,०००/- | गापा | थप रकम युवाहरुलाई क्षमता विकास तालिमबाट रकमान्तर |
| ११ | | | अवकास प्राप्त विद्यालय कर्मचारी प्रोत्साहन | १,००,०००/- | गापा | अतिरिक्त क्रियाकलाप कार्यक्रमबाट रकमान्तर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | | | हाते ट्रयाक्टर खरिद | ७,००,०००/- | गापा | अन्य फिर्ताबाट रकमान्तर |
| १३ | | | संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) | ५,००,०००/- | गापा | कर्मचारी क्षमता विकास तालिमबाट रकमान्तर |
| १४ | सडक गुरुयोजना निर्माण | ५,००,०००/- | सडक गुरुयोजना निर्माण | १०,००,०००/- | गापा | वातावरणीय प्रभाव अध्ययन (IEE) बाट रकमान्तर |
| १५ | | | बारपाक भूकम्पसँग सम्बन्धित फोटो प्रदर्शनी | ५,००,०००/- | गापा | पर्यटन प्रवर्दनका लागि प्रचार सामाग्री बाट रकमान्तर |
| १६ | | | बारपाक मृग गार्डेन डि पि आर | ५,००,०००/- | वडा नं १ | विविध तथ्याङ्क संकलन एवं स्वयंसेवक परिचालन बाट रकमान्तर |
| १७ | तुम्सीका मण्डली भान्सा र शौचालय निर्माण | २,००,०००/- | तुम्सिका कुलो व्यवस्थापन | २,००,०००/- | वडा नं २ | शिर्षक संशोधन |
| १८ | होङत बाटो निर्माण | ४,००,०००/- | होङत बाटो निर्माण | ५,७०,०००/- | वडा नं २ | थप रकम ओरकेन टोल बाटो निर्माण बाट १ लाख ७० हजार रकमान्तर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | मान्द्रे सामुदायिक भवन | २,००,०००/- | मसानघाट टहरा निर्माण | २,००,०००/- | वडा नं २ | शिर्षक संशोधन |
| २० | | | बसपार्क देखि शंकर बाटो | ७,००,०००/- | वडा नं २ | बारपाक कोसेली घर बाट ४ लाख र बारपाक बसपार्क प्रतिक्षालय बाट ३ लाख रकमान्तर |
| २१ | ढेपडाँडा मन्जुश्री युवा क्लब भवन मर्मत | ३,००,०००/- | कुसुन्थली ढेपडाँडा सडक स्तरोन्नती | ३,००,०००/- | वडा नं ३ | शीर्षक संशोधन |
| २२ | काफल डाँडा समाज भवन मर्मत तथा सल्लेनी घरदेखि रेलिङ बार निर्माण | ३,००,०००/- | कौरीस्वाँरा कूलो तथा सिढीबाटो निर्माण | ३,००,०००/- | वडा नं ३ | शीर्षक संशोधन |
| २३ | बर्दीडाँडा प्रा.वि. फर्निचर खरिद | १,००,०००/- | बर्दीडाँडा विद्यालय भवन मर्मत सम्भार | १,००,०००/- | वडा नं ४ | शीर्षक संशोधन |
| २४ | खारुङ सामुदायिक भवन | ३,००,०००/- | कुमाल ओडार घुम्ती स्तरउन्नती | ३,००,०००/- | वडा नं ४ | शीर्षक संशोधन |
| २५ | आरुवोटे गोरेटो बाटो | ३,००,०००/- | आम्डाँडा गोरेटो बाटो | ३,००,०००/- | वडा नं ४ | शीर्षक संशोधन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | दुर्गा मा.वि. शैक्षिक सुधार | २,००,०००/- | दुर्गा मा.वि. भित्ते लेखन | २,००,०००/- | वडा नं ४ | शीर्षक संशोधन |
| २७ | भुसुरे सडक पक्की ला निर्माण | ४,००,०००/- | भुसुरे सडक पक्की नाला निर्माण | ४,००,०००/- | वडा नं ५ | शीर्षक संशोधन |
| २८ | विविध खानेपानी कार्यक्रम | २,००,०००/- | भट्ट गाउँ खानेपानी मर्मत | १,००,०००/- | वडा नं ५ | ५ नं वडाको विविध खानेपानी कार्यक्रम बाट रकमान्तर |
| | | | भुसुरे खानेपानी | ५०,०००/- | | |
| | | | भट्टगाउँ नारेश्वर खानेपानी | ५०,०००/- | | |
| २९ | मगर भाषा प्रवर्द्धन | १,००,०००/- | मगर भाषा तथा संस्कृति प्रवर्द्धन | १,००,०००/- | वडा नं ६ | शीर्षक संशोधन |
| ३० | घमाईलो बस्ति पानी ट्याङ्की स्तरोन्नती | ३,००,०००/- | घमाईलो बस्ति पानी ट्याङ्की जाने सिँढी बाटो निर्माण | ३,००,०००/- | वडा नं ६ | शीर्षक संशोधन |
| ३१ | बाहुन गाउँ जाने गल्ली पक्की सिँढी निर्माण | ४,००,०००/- | मोहोरिया चौताराचोक टुनिबोट पक्की सिँढी निर्माण | ४,००,०००/- | वडा नं ६ | शीर्षक संशोधन |
| ३२ | | | गणेश मन्दिर स्थानान्तरण | २,००,०००/- | वडा नं ६ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्चबाट रकमान्तर |
| ३३ | | | बजार खोप हुँडिखोला सडक स्तरोन्नती | ५,००,०००/- | वडा नं ६ | सडक मर्मत सम्भारबाट रकमान्तर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४ | माझगाउँ संदाली चौतारा सिढीबाटो निर्माण | ३,००,०००/- | माझगाउँ सिंदाली चौतारा सिढीबाटो निर्माण | ४,००,०००/- | वडा नं ६ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्चबाट रकमान्तर |
| ३५ | तमु सामुदायिक भवन वडा नं ५ | ४,००,०००/- | तमु सामुदायिक भवन वडा नं ६ | ४,००,०००/- | वडा नं ६ | शीर्षक संशोधन |
| ३६ | बागेश्वरी सिढी बाटो निर्माण | २,००,०००/- | बागेश्वरी आधारभुत विद्यालय ढलान | २,००,०००/- | वडा नं ७ | शीर्षक संशोधन |
| ३७ | चियाने खेत कुलो निर्माण | १,००,०००/- | ढाप डाँडा चौतारा निर्माण | १,००,०००/- | वडा नं ८ | शिर्षक संशोधन |
| ३८ | बारपाक बहुप्राविधिक शिक्षालय छात्रवृत्ति कार्यक्रम | १०,००,०००/- | बारपाक बहु प्राविधिक शिक्षालय छात्रवृत्ति कार्यक्रम | १२,७०,०००/- | बारपाक बहु प्राविधिक शिक्षालय | प्राविधिक शिक्षा छात्रवृत्ति बाट २ लाख, बारपाक बहु प्राविधिक शिक्षालय घर तथा जग्गा भाडाबाट रु ६० हजार र बारपाक बहुप्राविधिक शिक्षालय पशुचौपाया खरिद बाट १० हजार बाट रकमान्तर |
| ३९ | बारपाक बहु प्राविधिक शिक्षालय घर | १०,००,०००/- | बारपाक बहु प्राविधिक शिक्षालय घर तथा जग्गा भाडा | ९,४०,०००/- | | रकम संशोधन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा जग्गा भाडा | | | | | |
| ४० | बारपाक बहु प्राविधिक शिक्षालय सिक, कमाउ र तिर कार्यक्रम | २,००,०००/- | परिक्षा तथा बिदाको समयमा कृषि तथा पशु फार्ममा हेरालु ज्यालादारी | १,८०,०००/- | बारपाक बहु प्राविधिक शिक्षालय | रकम संशोधन |
| ४१ | बारपाक बहु प्राविधिक शिक्षालय पशुचौपाया खरिद | २,००,०००/- | बारपाक बहु प्राविधिक शिक्षालय पशुचौपाया खरिद | १,८०,०००/- | बारपाक बहु प्राविधिक शिक्षालय | रकम संशोधन |
| ४२ | बारपाकबहु प्राविधिक शिक्षालय पशु तथा कृषि फार्म संचालन सहयोग | २,००,०००/- | बारपाक बहु प्राविधिक शिक्षालय पशु तथा कृषि फार्म संचालन सहयोग | १,८०,०००/- | बारपाक बहु प्राविधिक शिक्षालय | रकम संशोधन |
| ४३ | | | बेमौसमी तरकारी खेती तालिम संचालन | ५०,०००/- | बारपाक बहु प्राविधिक शिक्षालय | बारपाक बहु प्राविधिक शिक्षालय सिक, कमाउ र तिर कार्यक्रम बाट १० हजार, बारपाक बहु प्राविधिक शिक्षालय पशुचौपाया खरिद बाट २० हजार, बारपाक बहु प्राविधिक शिक्षालय पशु तथा कृषि फार्म संचालन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | सहयोगबाट २० हजार रकमान्तर |
| ४४ | | | पारिगाउँ वस्ती संरक्षण | १,५०,०००/- | वडा नं ७ | अन्य भूसंरक्षणसम्बन्धी कार्यक्रमबाट रकमान्तर |
| ४५ | | | डुम्रे सिंडी निर्माण | ५०,०००/- | वडा नं ७ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भारबाट रकमान्तर |
| ४६ | | | प्रहरी विट | २,००,०००/- | वडा नं १ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भारबाट रकमान्तर |
| ४७ | | | शहिद पार्क निर्माण | २,००,०००/- | वडा नं १ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भारबाट रकमान्तर |
| ४८ | | | शैलपुत्री मा.वि. | १,५०,०००/- | विद्यालय व्यवस्थापन खर्च | विविध खर्चबाट रकमान्तर |
| ४९ | | | माईकोट मा वि | ८०,०००/- | विद्यालय व्यवस्थापन खर्च | विविध खर्चबाट रकमान्तर |
| ५० | | | चन्द्रकला आ वि | ७०,०००/- | विद्यालय व्यवस्थापन खर्च | विविध खर्चबाट रकमान्तर |
| ५१ | सवारी साधन मर्मत | ४५,००,०००/- | सवारी साधन मर्मत | ६०,००,०००/- | गापा | संघीय एवं प्रादेशिक कार्यक्रम मिलान कोषबाट रकमान्तर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५२ | | | गाउँपालिका अध्यक्ष गरिबि निवारण कार्यक्रम | ११,००,०००/- | गापा | अन्य फिर्ताबाट रकमान्तर |
| ५३ | | | चनौटे पाल्खु सडक मर्मत | १०,००,०००/- | वडा नं ५ | मर्मत सम्भार कोषबाट रकमान्तर |
| ५४ | | | हिमालय मावि बारपाक भूसंरक्षण | २,५०,०००/- | वडा नं १ | अन्य भूसंरक्षणसम्बन्धी कार्यक्रमबाट रकमान्तर |
| ५५ | साझा सुविधा केन्द्र – ताक्लेनान बाटो (ब.शी.नं १६४) | ११,२०,०००/- | साझा सुविधा केन्द्र – ताक्लेनान बाटो | १३,२०,०००/- | वडा नं १ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भारबाट रकमान्तर |
| ५६ | लामगरा सामुदायिक भवन | २,००,०००/- | लामगरा सामुदायिक भवन | ४,००,०००/- | वडा नं ३ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भारबाट रकमान्तर |
| ५७ | | | शहीद प्रतिक्षालय मर्मत | ४०,०००/- | वडा नं ८ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भारबाट रकमान्तर |

**१४) विविध।**

क) ***संघीय ढुङ्गा, गिटी तथा दहत्तर बहत्तर व्यवस्थापन मापदण्ड २०७७ को पहिलो संशोधन २०७९ को दफा १२ को उपदफा १ र ७ मा व्यवस्था भए बमोजिम सडक निर्माण वा विस्तारको क्रममा सडक अधिकार तथा क्षेत्र भित्रबाट निस्कने ढुङ्गा बालुवा जस्ता निर्माण समाग्री प्रयोग गर्ने अवस्थामा सम्बन्धित गाउँपालिकालाई विक्री मुल्य बराबर कर बुझाई प्रयोग गर्न सकिने व्यवस्था रहेको*** र यस बारपाक सुलिकोट गाउँपालिकाको राजश्व

परामर्श समितिको मिति २०८१/१०/११ गतेको बैठकको सिफारिस अनुसार, संघ र प्रादेशिक कार्यालयहरुबाट बारपाक सुलिकोट गाउँपालिका भित्र सञ्चालित आयोजनाहरुमा प्रयोग हुँदै आएको प्राकृतिक स्रोत साधन (ढुङ्गा, गिटी, बालुवा आदि)को राजश्व रकम, ***प्रदेश सरकार अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्ने बनेको आर्थिक ऐन २०८१*** को अनुसुची ७ को दफा ८ को उपदफा(१) मा व्यवस्था भएको दररेट अनुसार, उक्त आयोजनाहरुका निर्माण व्यवसायीहरुलाई यस गाउँपालिकामा कर दाखिला गर्नको लागि पत्राचार गर्ने निर्णय गरियो |

ख) बारपाक सुलिकोट गाउँपालिका अन्तर्गत दर्ता नभएका घुम्ती व्यवसायलाई करको दायरामा ल्याउन दुइपाङ्ग्रे/पैदल व्यापारीलाई वार्षिक रु १५००|- तथा चार पाङ्ग्रेका लागि रु ३०००|- कर निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग) सडक निर्माणका क्रममा सार्वजनिक सडकको अधिकार क्षेत्रको परेका जग्गाको लगत कट्टाका लागि प्रकृया अगाडी बढाउने  सर्वसम्मत निर्णय गरियो।

घ) नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम, मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम, लैङ्गिक हिंसा निवारण तथा मानव वेचविखन नियन्त्रण कार्यक्रम र सामाजिक विकास कार्यक्रमबाट विभिन्न संघ संस्थालाई दिने अनुदानका लागि तपशिल बमोजिम बजेट सुनिश्चितता गर्ने सर्वसम्मत निर्णय गरियो ।

***तपशिलः***

| | |
|---|---|
| नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम | २०,००,०००(अक्षेरुपी बिस लाख मात्र) |
| मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम | ३७,००,०००(अक्षेरुपी सड्तीस लाख मात्र) |
| लैङ्गिक हिंसा निवारण तथा मानव वेचविखन नियन्त्रण कार्यक्रम र सामाजिक विकास कार्यक्रम | ५,००,००० (अक्षरूपी पाँच लाख मात्र) |

**ङ)** शुन्य समयमा उठेका अन्य विविध विषयहरुमा सभाध्यक्ष ज्युले टिपोट गरी सो सम्बन्धमा जबाफ दिनुभयो ।